# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

☎ ०२५५६२००५

भ्रुम्का सुनसरी
१ नं.प्रदेश, नेपाल

<u>संचारका उपकरणहरु आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना</u>
प्रथम पटक प्रकाशित मिति : २०७५/१०/०९ गते

यस नगरपालिकाको आ. व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत १० वटा सामुदायिक माध्यमिक विद्यालयलाई आवश्यक पर्ने तपसिलका संचारका उपकरण तथा मेशिनरी औजार खरिद तथा सम्बन्धित स्थानमा जडान गर्नु पर्ने भएकोले ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

<u>शर्तहरु :</u>

१) यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र दरभाउपत्र फारम यस कार्यालयको प्रशासन शाखाबाट सम्बन्धित अपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, अध्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर चुक्ता गरेको पत्र , स्थायी लेखानम्बर (PAN ) को प्रमाणपत्र, आ. व. २०७४/७५ सममको कर चुक्ता गरेको प्रमाणपत्र नियमानुसार पेश गरि दरभाउपत्र दस्तुर बापत रु. १००० (एक हजार मात्र ) पछि फिर्ता न हुने गरि निवेदनका साथ पेश गरेपछि नियमानुसार दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईनेछ |

२) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरि प्रत्येक पानामा सहिछाप गरि यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिनेछ |

३) दरभाउपत्र फारम साथ जमानत वापत कबुल रकमको २% रकम यस नगरपालिका कार्यालयको नाममा एन. आइ. सी. एसिया झुम्का शाखामा रहेको धरौटी खाता नं. ८९४१४९८०५८५२४००५ मा दाखिल गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि ) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ |

४) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरू यस कार्यालयले दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको २:०० बजे खोलिनेछ तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन | फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ |

५) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ | रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही

हुनेछैन | दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ |

६) दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ |

७) दरभाउपत्र सम्बन्धि सूचना संसोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ |

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संसोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संसोधित ) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ |

९) दरभाउपत्र सम्बन्धि थप जानकारीको लागि यस नगरपालिकामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ |

<u>तपसिल :</u>

| क्र.स | ठेक्का नं. | कामको बिवरण | धरौटी रकम रु. | फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०७५/०७६ | १० वटा सामुदायिक माध्यमिक विद्यालयलाई आवश्यक पर्ने संचारका उपकरण तथा मेशिनरी औजार खरिद तथा सम्बन्धित स्थानमा जडान समेत | ३०,००० | १,००० | भ्याट सहितको अधिकतम मूल्य रु. १५,००,००० नबढ्ने गरि |

प्रमुख प्रशासकीय अधिकृत